# जीराभवानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सेढ्वा, पर्सा

प्रदेश नं २, नेपाल

# करारमा शिक्षक पदपूर्ति गर्नेसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७८/०७/०१ गते)

यस जीराभवानी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूमा निम्न बमोजिमको शिक्षक करार सेवामार्फत पदपूर्ति गर्नुपर्ने भएकोले निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले १५ (पन्ध्र) दिनभित्र तल उल्लिखित कागजात र राजस्व बुझाएको रसीद संलग्न राखी यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | तह | दरबन्दीको किसिम | विषय | माग संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १/२०७८/०७९ | प्रावि | साधारण | - | ८ (आठ) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| २. | २/२०७८/०७९ | प्रावि | राहत | - | २ (दुई) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ३. | ३/२०७८/०७९ | प्रावि | राहत महिला | - | १ (एक) | प्रमाणपत्र तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ४. | ४/२०७८/०७९ | निमावि | राहत | नेपाली | १ (एक) | सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |
| ५. | ५/२०७८/०७९ | निमावि | राहत | सामाजिक | १ (एक) | सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको । |

१. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू: नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सम्पूर्ण आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, तीनप्रति हालसालै खिचेको फोटो ।

२. उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. दरखास्त फाराम पाइने र बुझाउने स्थान: जीराभवानी गाउँपालिकाको कार्यालय, सेढ्वा, पर्सा ।

४. दरखास्त दस्तुर: निमावि तहको लागि रु १५००/- (एक हजार पाँच सय मात्र) र प्राविको लागि रु. १०००/- (एक हजार मात्र) ।

५. दरखास्त दस्तुर बुझाउने स्थान: यस कार्यालयको एनआइसी एशिया बैंक, जगरनाथपुर शाखा, पर्सामा रहेको आन्तरिक राजस्व खाता नं. २३१२०५००२७९८४००२ मा रकम जम्मा गरिएको सक्कल भौचर पेश गर्नुपर्नेछ ।

६. दरखास्त बुझाउने अन्तिम मिति: २०७८/०७/१५ गतेसम्म ।

७. सेवा तथा सुविधाहरू: प्रचलित कानूनबमोजिम हुनेछ ।

८. करार अवधि: करार अवधि १ (एक) वर्ष हुनेछ ।

९. छनोटको तरीका: लिखित परीक्षा र अन्तर्वार्ता ।

१०. लिखित परीक्षाको मिति, समय र स्थान: पछि प्रकाशित गरिनेछ ।

११. लिखित परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले शिक्षक छनोटको लागि तोकिएको सम्बन्धित तहको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ ।

१२. रीत नपुगी वा म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाई गरिनेछैन । कुनै उम्मेदवारले झुटो विवरण (कागजात) पेश गरेको भनी परीक्षाभन्दा अगावै वा परीक्षापछि जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको परीक्षा वा नियुक्त रद्द गरी कानूनबमोजिम कारवाई गरिनेछ ।

नोट: दरखास्त फाराम, पाठ्यक्रम यस कार्यालयको वेबसाइट www.jirabhawanimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।